नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७७/०७८

चलानी नं.:- ३०९

मितिः- २०७७/१०/१८

विषयः- आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रमका लागि आवश्यक समन्वय गरिदिने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १९७ मिति २०७७/१०/१७ को आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रमका लागि आवश्यक समन्वय गरिदिने सम्बन्धी प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गर्नु भई आवश्यक सहयोग र समन्वय गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

.............................

जनकराज शर्मा

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा

फोन- २२३५८० / २६२६९६ / २६१७३६ / २६२८०२ / २६२९८७ / २६२४६८ / २६२५४३

पत्र संख्या:- (१) २०७७।७८
च.न ९५६

रामशाहपथ
काठमाडौं,नेपाल
२०७७/१०/१७

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहंदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सातै प्रदेश।

विषय: आयोडिन सम्बन्धि महिनाव्यापी कार्यक्रमका लागि आवश्यक समन्वय गरिदिने बारे ।

प्रस्तुत विषयमा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, टेकुको च.न. ६२६ मिति २०७७/१०/१६ को पत्रानुसार २०७७/१०/१९ देखि २०७७/११/१६ गते सम्म "नुन थोरै खाऔ तर सही मात्रामा आयोडिन भएको दुई बालबालिका चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं" भन्ने नाराका साथ आयोडिन सम्बन्धि महिनाव्यापी कार्यक्रम संचालन गरिने भएकाले तहाँ मार्फत सबै स्थानीय तह/सवै प्रदेश सामाजिक विकास मन्त्रालयमा आवश्यक सहयोग समन्वय गरिदिन हुन निर्देशानुसार अनुरोध छ ।साथै उक्त महाशाखाबाट प्राप्त पत्र यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

..............................
(प्रेम कुमार रसाईली)
शाखा अधिकृत

बोधार्थ
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं,
श्री सामाजिक मन्त्रालय, सातै प्रदेश,
श्री परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग, टेकु ।

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं ।

☎ ४२६१६६०
४२६२२६३
(Fax)
४२१९२१८
४२२५५५८
४२६६५७३

प्र. २०५१
११९८

प.सं.:– ०७७/७८
च.नं.:– ६२६

मिति: २०७७/१०/१६

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं नेपाल

**विषय: आयोडिन सम्बन्धि महिनाव्यापी कार्यकम मनाउने बारे**

उपरोक्त सम्बन्धमा नेपालमा प्राकृतिक श्रोतबाट आयोडिन पर्याप्त मात्रामा नपाइने हुनाले यसको कमीले मानिस तथा जनावरमा हुने विकृतिहरु नियन्त्रण गर्न नेपाल सरकारले विभिन्न प्रयासहरु गर्दै आइरहेको छ। नेपालले आयोडिनको कमिले हुने विकृती नियन्त्रण गर्नका लागि सन् १९७३ देखि लिएका निति तथा रणनितिहरुको परिणम स्वरुप हाल नेपालमा आयोडिनको कमीको स्थितिमा निकै सुधार आएको छ। यस समस्याको पुनः विर्सजन रोक्नको लागि सहि मात्रामा आयोडिन भएको नुनको प्रमाणीकरण चिन्ह "दुई बालबालिकाको लोगो" भएको प्याकेटको नुनको मागमा वृद्धि गरि वितरण गर्ने रणनीति अपनाएको छ। यसै सन्दर्भमा नेपाल लगायत आयोडिनको कमि भएका विश्वका १३० देशहरुमा आयोडिनको कमीले हुने विकृतिको बारे जानकारी दिई नियन्त्रण गर्ने उपायहरुका बारे जनचेतना जगाउन हरेक वर्षको फेब्रुअरी महिना आयोडिनको बारेमा जनचेतना जगाउने विशेष महिनाको रुपमा मनाउदै आइरहेका छौ। यो वर्ष पनि माघ १९ देखि फाल्गुण १६ गते सम्म **"नून थोरै खाऔं तर सही मात्रामा आयोडीन भएको दुई बालबालिका चिन्ह भएको पाकेटको नून मात्र खाऔं।"** भन्ने नाराका साथ विभिन्न कार्यकम गरि महिनाव्यापी रुपमा सम्पूर्ण स्थानिय तहहरुवाट मनाउनको लागि सम्बन्धि निकायमा समन्वय गरिदिनुहुन अनुरोध छ। साथै उक्त कार्यकम मनाउनको लागि आवश्यक बजेट सहित विस्तृत मार्गदर्शन पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको website मा प्रकाशित प्रदेश तथा स्थानीय निकाय कार्यसंचालन मार्गदर्शनमा रहेको जानकारी समेत गराउन चाहन्छु।

**बोधार्थ**
१. सामाजिक विकास मन्त्रालय, सातै प्रदेश
२. युनिसेफ नेपाल
३. सुआहारा २ कार्यक्रम
४. साल्ट ट्रेडिङ्ग कर्पोरेशन, कालिमाटी

आवश्यक समन्वय र सहकार्यको लागि

(.......................)
डा. तारानाथ पोखेल
निर्देशक

Scanned with CamScanner